☎:०५६-५५००१५

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

प.सं. ०७५।०७६
च.नं. ९९१३

मितिः २०७६।०१।१५

**विषयः विशेषज्ञ/विषय विशेषज्ञमा सूचीकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरवन्दी तथा राहात अनुदान कोटामा नियमानुसार करारमा शिक्षक नियुक्ति तथा नियमानुसार प्रधानाध्यापक नियुक्तिको लागि छनौट समितिमा रहि कार्य गर्न इच्छुक देहाय अनुसार योग्यता पुगेका शिक्षकहरुले निम्नानुसार कागजात सहित तोकिएको ढांचाको निवेदन मिति २०७६।१।३० गते भित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७६।१।१५

शम्भु प्रसाद पौडेल
उप सचिव

आधारभूत तह (कक्षा १-५ र ६-८)को लागि आवश्यक न्यूनतम योग्यता

१. शिक्षा शास्त्रमा स्नातक गरेको
२. कम्तीमा ३ वर्ष शिक्षण अनुभव भएको सम्बन्धित तह/ विषयको स्थायी शिक्षक (अस्थायी सेवा सहित)

माध्यमिक तहको लागि

१. शिक्षा शास्त्रमा स्नातकोत्तर गरेको
२. कम्तीमा ३ वर्ष शिक्षण अनुभव भएको सम्बन्धित तहको स्थायी शिक्षक (अस्थायी सेवा सहित)

संलगन गर्नुपर्ने कागजातहरु

१. नागरिकता प्रमाणपत्र पत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलपी
४. अस्थायी/स्थायी नियुक्ति पत्र प्रतिलिपी

पुनश्च :

क. माथिल्लो तहमा सूचिकृत हुने विशेषज्ञहरु तल्लो तहको लागि समेत विशेषज्ञ भई काम गर्न चाहेमा निवेदनमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ ।

ख. आधारभूत तह कक्षा १-५ को लागि सूचिकृत हुने विशेषज्ञले शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टिकरण तालिका बमोजिम सवै विषयका प्रश्नहरु अंग्रेजी र नेपाली दुवै माध्यममा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्न सक्नुपर्नेछ ।

ग. आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहको लागि विषयगतरुपमा सूचिकृत गरिनेछ ।

घ. निवेदन साथ आधारभूत तह कक्षा १-५ को लागि १०००।, आधारभूत तह ६-८ का लागि १५००। र माध्यमिक तहका लागि २०००। सूचीकृत वापतको दस्तुर पेश गर्नुपर्नेछ ।